annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १२१ पृष्ठ ८ | काठमाडौं, बिहीबार १२ भदौ २०८२ | भाद्र शुक्लपक्ष पञ्चमी नेपाल संवत् ११४५ | THURSDAY, AUGUST 28, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

## प्रधानमन्त्री भदौ १४ गते चीन जाने, चिनियाँ राष्ट्रपतिसँग भेट हुने



**राधा खनाल** | *काठमाडौं*

चिनियाँ राष्ट्रपति सी जिङपिङसको निमन्त्रणामा चीनको तियानजिनमा हुने सांघाई कोअपरेसन संगठन (एससीओ) को शिखर सम्मेलनमा सहभागी हुन प्रधानमन्त्री केपी शर्मा ओली भदौ १४ गते चीन भ्रमणमा जाने भएका छन्। परराष्ट्र मन्त्रालयले बुधबार विज्ञप्ति जारी गर्दै प्रधानमन्त्री ओलीको ५ दिने चीन भ्रमण तालिका सार्वजनिक गरेको हो।

प्रधानमन्त्री ओलीले चिनियाँ राष्ट्रपति सी जिनपिङसँग तियानजिनमा भेटवार्ता गर्ने कार्यक्रम रहेको छ। त्यसपछि ओलीले भदौ १६ गते तियानजिनमा हुने एससीओ शिखर सम्मेलनलाई सम्बोधन गर्ने कार्यक्रम छ।

परराष्ट्र मन्त्रालयका अनुसार चीन भ्रमणका दौरान तियानजिनको सम्मेलनपछि प्रधानमन्त्री ओलीले विश्वका अन्य नेताहरूसँग साइडलाइन वार्ता गर्ने छन्। उनले उपराष्ट्रपति हान भेङसँग भेटवार्ता गर्ने छन्। त्यसपछि प्रधानमन्त्री ओली चीनको राजधानी बेइजिङ प्रस्थान गर्ने छन्।

परराष्ट्रका अनुसार चीन भ्रमणका क्रममा प्रधानमन्त्री ओलीले जापानविरुद्धको युद्धमा विजयी भएको अवसरमा आयोजना हुने कार्यक्रममा सहभागी हुने पनि भ्रमण तालिकामा उल्लेख छ। प्रधानमन्त्री ओली भदौ १८ गत स्वदेश फर्किने कार्यक्रम छ ।

» बाँकी पृष्ठ ६

कभर स्टोरी

# सहुलियत कर्जा सीमा बढ्यो, ब्याज अनुदान घट्यो

सरकारले कृषि तथा पशुपन्छी क्षेत्रको प्रबर्द्धन गरेर मुलुकमै उत्पादन तथा रोजगारी अभिवृद्धि गर्न, शिक्षित युवालाई रोजगारीका अवसर सिर्जना गर्न, महिलामा उद्यमशीलताको विकास गर्न सहुलियत कर्जामा ब्याज अनुदान दिने नीति लियो, २०७२ सालमा । अर्थात्, यस्ता कामका लागि बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋणमा सरकारले ब्याज अनुदान सुविधा दिने निर्णय गर्‍यो । हालै सरकारले यस्तो शीर्षकमा दिइने कर्जाको सीमा बढाएको छ । जसबाट बैंक तथा वित्तीय संस्थाले अब कर्जामा लगानी हुने अपेक्षा गरेका छन् ।

समाचार पृष्ठ २

**ममता थापा** | *काठमाडौं*

– को रिपोर्ट




# सामाजिक सञ्जाललाई सूचीकरण हुन एक साता

| दर्ता भएका | दर्ता नभएका |
|---|---|
| भाइवर मिडिया | फेसबुक |
| टिकटक | ह्वाट्सएप |
| सारांश मिडिया ल्याब प्रालि (वीटक) | वीच्याट |
| | स्नापच्याट |
| | टेलिग्राम |
| | इन्स्ट्राग्राम |
| | युट्युब |
| | एक्स |
| | नेटफ्लिक्स |
| | लिंकेडिङ |
| | थ्रेड्स |
| | डिसकोर्ड |
| | रेडडिट |

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

सरकारले सामाजिक सञ्जाल सूचीकरणका लागि एक साताको समय दिएको छ। सोमबारको मन्त्रिपरिषद् बैठकले फेसबुक, एक्सलगायतका सामाजिक सञ्जाल सूचीकरणका लागि ७ दिनको समय तोकेर आह्वान गर्ने निर्णय गरेको हो।

सञ्चारमन्त्री एवं सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङले 'सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० तथा सर्वोच्च अदालतको आदेशबमोजिम सामाजिक सञ्जाल सञ्चालकलाई जिम्मेवार तथा जवाफदेही बनाउन ७ दिनको म्याद दिई सूचीकरणका लागि सार्वजनिक रूपमा आह्वान गर्ने' मन्त्रिपरिषद्ले निर्णय गरेको जानकारी दिए। ७ दिनभित्र सूचीकरण हुन नआउने वा सूचीकरणका लागि सम्पर्कमा समेत नआउने सामाजिक सञ्जाललाई क्रमश: नेपालभित्र निष्क्रिय गराउँदै लैजाने निर्णय मन्त्रिपरिषद्ले गरेको प्रवक्ता गुरुङले बताए।

» बाँकी पृष्ठ ६




Islington College
Kamal Marg, Kamal Pokhari, Kathmandu

9801000300
01-5970012
/islingtoncollege
www.islington.edu.np